# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) जनकपुरधाम, असार ३२ गते, २०७५ साल (अतिरिक्ताङ्क ८

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश नं. दुईका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सम्वत् २०७५ सालको ऐन नं. ०८

**प्रस्तावना:** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका पदाधिकारी र सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकाले,

नेपालको संविधानको धारा २२७ ले दिएको अधिकार प्रयोग गरि प्रदेश नं. दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) "पदाधिकारी" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उप प्रमुख तथा वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(झ) "सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत सम्झनु पर्छ ।

(ञ) "समन्वय समिति प्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ ।

(ट) "समन्वय समिति उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ ।

(ठ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँसभा, नगरपालिकाको हकमा नगरसभा र जिल्ला समन्वय समितिको हकमा जिल्लासभा सम्झनु पर्छ ।

(ड) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२२ र २२३ बमोजिमको गाउँसभा वा नगरसभाका सदस्य सम्झनु पर्छ ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्लासभा सम्झनु पर्छ ।

३. <u>सुविधा:</u> पदाधिकारी र सदस्यले आफू निर्वाचित वा मनोनित भएको मिति देखि अनुसूची–१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरे बमोजिमको सुविधा तथा भत्ता पाउनेछन् ।

४. <u>सभाका सदस्यहरुको भत्ता:</u> (१) मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा वा स्थानीय तहको कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची–१ बमोजिमको बैठक भत्ता वापतको रकम पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम सभा र समिति वा उपसमितिको बैठक एकै दिन बसेकोमा सभाका सदस्यले कुनै एउटा बैठकको मात्र भत्ता पाउनेछ ।

५. <u>यातायात सुविधा:</u>(१) प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षलाई स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित स्थानीय तहले सवारी साधन (चारपाङ्ग्रे/दुईपाङ्ग्रे ) उपलब्ध गराउन सक्नेछ ।

(२) पदाधिकारीलाई उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा सम्बन्धित सभाले तोके बमोजिमको यातायात सुविधा उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुविधा उपलब्ध गराईने छैन र त्यस्तो सवारी साधनलाई सभाले तोके बमोजिमको इन्धन र मोविल उपलब्ध गराईनेछ ।

(४) गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष वा उपप्रमुख वा वडाध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन आउँदा र जाँदा ६ कोषभन्दा बढीको पैदल हिडनु पर्ने भएमा वा यातायात सुविधा भएकोमा एक घण्टाभन्दा बढी समय लाग्ने भएमा त्यस्तो पदाधिकारी तथा सदस्यले सम्वन्धित सभाले तोके बमोजिम स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा स्थानीय सार्वजिक यातायातमा लाग्ने खर्च रकम बराबरको यातायात खर्च पाउन सक्नेछन।

६. <u>पत्रपत्रिका र सञ्चार सुविधाः</u> (१) स्थानीय तहले पदाधिकारी तथा सदस्यलाई स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्वन्धित सभाले तोके बमोजिम न्यूनतम संख्यामा पत्रपत्रिका खरिद गरी उपलब्ध गराउनेछ ।

(२) पदाधिकारी तथा सदस्यलाई सञ्चार सुविधा वापत अनुसूची—१ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोत समेतको आधारमा सम्बन्धित सभाबाट पारित भए बमोजिमको सञ्चार सुविधा वापतको रकम दिइनेछ ।

७. <u>दैनिक भ्रमण भत्ताः</u> (१) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले कार्यालय कामको सिलसिलामा नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक श्रोत समेतको

आधारमा अनुसूची–१ बमोजिमको दरमा दैनिक भ्रमण भत्ता पाउनेछन् ।

(२) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम लाग्ने यातायात खर्च वापत वील बमोजिमको रकम पाउनेछन ।

(३) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकमको दुर्घटना विमा गर्दा लाग्ने विमा शुल्क वापत विल बमोजिमको रकम पाउनेछन्।

(४) पदाधिकारी तथा सदस्यहरूको भ्रमण सम्बन्धी अन्य व्यवस्था स्थानीय कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८. <u>दोहोरो पर्ने गरी सुविधा नपाउने:</u> नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवाबाट अवकास लिई त्यस्तो सरकार वा तहबाट निवृत्तिभरण पाई रहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा निजले दफा ३ बमोजिमको मासिक सुविधा वा निवृत्तिभरण मध्ये एउटा मात्र रोज्न पाउनेछ ।

तर सो वाहेकका सुविधा अन्य पदाधिकारी तथा सदस्यले पाए सरह पाउनेछ ।

९. <u>दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधा:</u> (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिंडडुल गर्न निजलाई परिचारकको सेवा आवश्यक भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी,

सदस्य वा सभाका सदस्यको साथमा रहने एक जना परिचारक उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको परिचारकलाई सदस्य वा सभाका सदस्यलाई उपलब्ध गराइए सरहको बैठक भत्ता बराबरको रकम दैनिक भत्ता र यातायात भत्ता दिईनेछ ।

१०. <u>भत्ता तथा सुविधा वापतको रकम भुक्तानीः</u> (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्वन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सो मार्फत भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा अन्य सुविधा वापतको त्यस्तो रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ ।

११. <u>भत्ता नपाउनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको

लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले दफा ३ बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन ।

१२. <u>सुविधा लागु हुने मितिः</u> पदाधिकारी तथा सदस्यहरुले निवार्चित वा मनोनीत भएको मितिदेखि यस ऐन बमोजिमको सुविधा पाउनेछन् ।

१३. <u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभा सदस्यको यस ऐन बमोजिम उपलब्ध भईरहेको सुविधामा मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

तर चरम आर्थिक विश्रृखलता वा प्राकतिक विपद वा महामारीको कारणले मुलुकमा गम्भीर संकट उत्पन्न भएमा यो व्यवस्था लागू हुने छैन ।

१४. <u>अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेः</u> यस ऐनमा लेखिए देखि बाहेकका अन्य सुविधा तथा भ्रमण खर्च सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची १

(दफा ३, ५, ६, ७ र ८ सँग सम्बन्धित)

पदाधिकारी, सदस्य र सभाका सदस्यले पाउने सुविधा

(क) गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधा

| क्र. सं. | सुविधा को किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका को सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३१,५००। | २७,५००। | २०,०००। | २०,०००। | ७,०००। |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | .... | ..... | ..... | ..... | ..... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | १,०००। | १,०००। | | | |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,६००। | १,६००। | १,६००। | १,६००। | १,६००। |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (जिल्ला बाहिर जादा) | प्रति दिन अमेरिकी डलर मा | १५० | १५० | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १०. | १०. | १०. |

(ख) नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, सदस्य तथा नगरसभाका सदस्यको सुविधा

(अ) नगरपालिका

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका को सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३५,०००। | ३१,०००। | २२,०००। | २२,०००। | ७,०००। |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | ... | ... | ... | ... | ... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | १,५००। | १,५००। | ...... | ...... | ....... |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. (जिल्ला बाहिर जादा) | १,६००। | १,६००। | १,६००। | १,६००। | १,६००। |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १५० | १५० | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाख मा) | १० | १० | १०. | १०. | १० |

(आ) उपमहानगरपालिका

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिकाको सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४१,०००। | ३५,०००। | २५,०००। | २५,०००। | ७,०००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | ... | ... | ... | ... | ... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | २,०००। | २,०००। | | | ....... |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. (जिल्ला बाहिर जादा) | २,०००। | २,०००। | २,०००। | २,०००। | २,०००। |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १७५ | १७५ | १५० | १५० | १५० |
| ६ | यात्रा विमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | १० | १० | १० |

(इ) महानगरपालिका

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिकाको सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४३,५००। | ४१,५००। | २८,०००। | २८,०००। | ७,०००। |
| २ | सभाको बैठक भत्ता | प्रति दिन रु. | ... | ... | ... | ... | ... |
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | २,०००। | २,०००। | ....... | ....... | ....... |
| ४ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. (जिल्ला बाहिर जादा) | २,०००। | २,०००। | २,०००। | २,०००। | २,०००। |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | २०० | १७५ | १५० | १५० | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

(ख) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ४४,०००। | ४२,०००। | १०,०००। |
| २ | बैठक भत्ता | | ............ | ........ | ....... |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सञ्चार सुविधा | प्रति महिना रु. | २,०००। | १,५००। | १,०००। |
| ४ | दैनिक भ्रमण भत्ता (जिल्ला बाहिर जादा ) | प्रति दिन रु. | २,०००। | २,०००। | २,०००। |
| ५ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | २०० | १७५ | १५० |
| ६ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० |

द्रष्टव्य:पदाधिकारी, सदस्य तथा सभाका सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

प्रमाणिकरण मिति २०७५।३।३२

आज्ञाले,
**जगदीश रेग्मी**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३